# भन्सार समाचार
## Customs News

भन्सार र वातावरण हाम्रो :प्राकृतिक सम्पदाहरूको संरक्षण गरौं (Customs and the environment : protecting our natural heritage)

वर्ष - १ अङ्क-६ २०६६ साल श्रावण १५ ( August 2009) मासिक

# महानिर्देशक स्तरको सातौं बैठक सम्पन्न: निष्कर्ष उपलब्धिमूलक

भारतीय अन्तशुल्क फिर्ता सम्बन्धी नेपाल भारत भन्सार प्रशासनका महानिर्देशक स्तरको सातौं बैठक श्रावण ७ गते भन्सार विभागमा सम्पन्न भयो। वैठकमा भारतीय अन्तशुल्क फिर्ता प्रक्रियामा रहेका व्यावहारिक समस्याहरू समाधान सम्बन्धमा उपलब्धिमूलक वार्ता भयो। भारतीय अन्तःशुल्क फिर्ता प्रक्रियालाई अझ व्यावहारिक, व्यवस्थित,सरल,नियमित र वैज्ञानिक बनाउन औपचारिक प्रक्रियाहरू अगाडि बढाउने सहमति कायम भयो। भारतीय अन्तःशुल्क फिर्ताका पुराना बक्यौता सम्बन्धी समस्याहरू समाधान गर्ने र नेपाल भन्सारका कर्मचारीहरूलाई भारतमा कम्प्युटर सम्बन्धी तालिम उपलब्ध गराउने सहमति भयो। वैठकले छैठौं चरणको महानिर्देशक स्तरिय बैबैठकमा भएका सहमतिहरू पुनरावलोकन गर्नुका साथै आठौं चरणको बैठक सन् २००९ भित्र नयाँ दिल्लीमा बस्ने समेत सहमति भएको छ।

बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतीय भन्सार तथा केन्द्रीय अन्तःशुल्क (DGICCE) का महानिर्देशक जी.एस. नारांगले गर्नु भएको थियो। भारतीय प्रतिनिधिमण्डलमा भारतीय राजदूतावास काठमाडौंका प्रथम सचिव आर.के. मिश्रा र भारतीय भन्सार तथा केन्द्रीय अन्तःशुल्क (DGICCE) का सहायक महानिर्देशक द्वय आर. के. शर्मा र परमजित सिंह सहभागी थिए। नेपाली प्रतिनिधिमण्डलको नेतृत्व भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले गर्नु भएको थियो भने भन्सार विभागका उपमहानिर्देशक लवराज श्रेष्ठ लगायत अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, भन्सार विभाग र अन्तरगतका पदाधिकारीहरू बैठकमा सहभागी थिए।

बैठकमा सहभागी हुने सिलसिलामा भारतीय महानिर्देशक नारांगको टोलिले श्रावण २ गते देखि ८ गते सम्म नेपालको भ्रमण गर्नु भयो।



वार्ता गर्दै महानिर्देशक द्वय तथा अन्य पदाधिकारीहरू

# नेपालगन्ज भन्सार प्रभावकारी अन्तर निकाय समन्वय कायम गर्न सक्षम

नेपालगन्ज भन्सार कार्यालय राजस्व चुहावट नियन्त्रणमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न अन्य निकायहरू सँग प्रभावकारी समन्वय कायम राख्न र सहयोग प्राप्त गर्न सफल भएको छ। स्थानीय स्तरमा अन्तर निकाय समन्वयको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा महिनामा २ पटक राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठक भन्सार कार्यालयले आयोजना गर्ने विभागीय निर्देशन रहेको छ। नेपालगन्ज भन्सार कार्यालय यस निर्देशनको पालना गर्दै अन्य कुशलतम रणनीतिहरूको अवलम्वनबाट अन्तर निकाय समन्वयमा सक्षम देखिएको छ। कुशल अन्तर निकाय समन्वय र सहयोगबाट नेपालगन्ज भन्सार गत आर्थिक वर्षमा लक्ष्य भन्दा ३६ प्रतिशत बढि राजस्व सङ्कलन गर्न सफल भएको छ। गत आर्थिक वर्षको लागि कुल राजस्व लक्ष्य १ अर्ब १९ करोड २३ लाख २९ हजार तोकिएकोमा १ अर्ब ६२ करोड १८ लाख ९१ हजार राजस्व सङ्कलन गर्न सफल भएको छ। यो सङ्कलन आर्थिक वर्ष २०६४/६५ को सङ्कलन भन्दा ५२ करोडले बढी रहेको छ।

**भन्सार समाचार**
**Customs News**

**प्रकाशक**
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

**प्रमुख सल्लाहकार**
बोधराज निरौला

**सल्लाहकार**
लवराज श्रेष्ठ
डिकरदेव भट्ट
कुल राज ज्ञवाली

**प्रधान सम्पादक**
श्याम प्रसाद दाहाल

**सम्पादक**
नीरद रेग्मी

**मुद्रण**
सूचना प्रविधि तथा
आधुनिकीकरण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो नं. ४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०८
e-mail: it@customs.gov.np


## सम्पादकीय

हाम्रो मुलुकको कूल राजस्व असुलीमा अझै पनि भन्सार राजस्वको योगदान एक चौथाई भन्दा बढी छ । भन्सार प्रशासनले भन्सार राजस्व मात्र संकलन गर्ने नभई मूल्य अभिवृद्धि कर, अन्त:शुल्क आदि पनि संकलन गर्ने गर्दछ । यी सबै करलाई जोड्ने हो भने भन्सार प्रशासनले संकलन गर्ने राजस्वको हिस्सा कूल राजस्वको एक तिहाईभन्दा बढी हुन जान्छ । यति ठूलो राजस्वको अंश भन्सारबाट संकलन हुने भएतापनि चोरी निकासी पैठारी नियन्त्रण हुन नसकेको कारण सीमामा संकलन हुनुपर्ने सबै राजस्व भन्सार प्रशासनको पहुँचमा आउन सकेको छैन । चोरी निकासी पैठारी नियन्त्रण हुन नसक्नुमा भन्सार प्रशासनको आफ्नै भन्सार प्रहरी नहुनु एउटा मुख्य कारण हो ।

विश्वका अधिकांश मुलुकहरुमा भन्सार प्रशासनको आफ्नै सशस्त्र प्रहरी वा भन्सारका कर्मचारीहरुलाई नै हतियारवद्ध तालिम सहित चोरी निकासी नियन्त्रण पर्ने जिम्मेवारी दिइएको पाइन्छ । हाम्रो छिमेकी मुलुकहरुमा पनि प्राय:सबै भन्सार प्रशासनको आफ्नै सशस्त्र प्रहरी रहेको छ, जसको मुख्य जिम्मेवारी चोरी निकासी पैठारी नियन्त्रण रहेको हुन्छ । आफ्नै Armed Force रहेका कारण हाम्रा छिमेकी मुलुकहरुले अवैध निकासी पैठारी नियन्त्रणका लागि अरु निकायको भर पर्नुपर्ने अवस्था रहदैन ।

नेपालमा विगत लामो समयदेखि राजस्व प्रहरी वा भन्सार प्रहरीको व्यवस्था सम्बन्धी अवधारणा ल्याइए पनि यसले मूर्त रुप लिन सकेको छैन । त्यसैले चोरी निकासी पैठारी नियन्त्रणका लागि कहिले अंचलाधिशको मातहतमा रहने, कहिले राजस्व अनुसन्धानको मातहतमा रहने गरी राजस्व गस्तीको व्यवस्था गरियो । त्यस्तै, यस कार्यका लागि नेपाली सेना, नेपाल प्रहरी तथा हाल सशस्त्र प्रहरीलाई जिम्मेवारी दिइएता पनि अवैध निकासी पैठारी नियन्त्रणमा आशातित सफलता प्राप्त गर्न सकिएको छैन ।

चालु आर्थिक वर्ष २०६६।०६७ को वजेट वक्तव्यमा सीमा क्षेत्रबाट हुने अवैध मालसामान ओसार पसारलाई नियन्त्रण गर्न भन्सार विभाग अन्तर्गत भन्सार प्रहरीको व्यवस्था गरिनेछ भने उल्लेख भएको छ । विगत लामो समयदेखि कार्यान्वयन हुन नसकेको "भन्सार प्रहरी" को व्यवस्थालाई यस वर्षको वजेट वक्तव्यले कार्यान्वयनको प्रतिवद्धता जनाएको छ । सो प्रतिवद्धता अनुरुप यसै आर्थिक वर्षभित्र "भन्सार प्रहरी" सम्बन्धी कानूनी व्यवस्थाका तर्जुमा हुनु अनिवार्य भएको छ । भन्सार प्रशासनको प्रत्यक्ष रेखदेख र खटन-पटन रहने भन्सार प्रहरीको परिचालन भएमा मात्र चोरी निकासी पैठारी नियन्त्रणमा आउन गई सीमा क्षेत्रवाट अपेक्षा गरेअनुसार थप राजस्व संकलन हुने आशा गर्न सकिन्छ ।

## भन्सारका कर्मचारीहरू वैदेशिक तालिममा सहभागी

भन्सार पदाधिकारीहरूको एक टोली भारतमा सञ्चालित Valuation/Enforcement Technique/Classification सम्बन्धी तालिम कार्यक्रममा सहभागी भएको छ। असार २९ गते देखि श्रावण १६ गते सम्म सञ्चालित सो National Acaedmy of Customs, Excise and Narcotic, Kolkota ले सञ्चालन गरेको हो र भारतीय केन्द्रीय अन्त:शुल्क तथा भन्सार बोर्डको सौजन्यमा नेपाली टोली सहभागी भएको हो।गत चैत्र महिनामा भारतीय केन्द्रीय अन्त:शुल्क भन्सार बोर्डका अध्यक्ष पि.सि.झाको नेपाल सदभावना भ्रमणको अवसरमा भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले सो तालिममा नेपाली पदाधिकारीहरूलाई सहभागी गराउन अनुरोध गर्नु भएको थियो। महानिर्देशक निरौलाको अनुरोध अनुसार प्रथम चरणमा यस तालिममा १० जना सहभागी भएका छन् भने केही दिन भित्र नै सोही विषयमा थप ६ जना पदाधिकारीहरूले भारतको अवलोकन भ्रमण गर्दैछन्। हाल सहभागी पदाधिकारीहरू प्रमुख भन्सार अधिकृतहरू वालकृष्ण घिमिरे, उत्तर कुमार खत्री र विनोद कुँवर तथा अधिकृतहरू भानु नेउपाने, दिलिप केसी, गणेश अर्याल, रामकृष्ण रेग्मी, केदार कोइराला र उमेश श्रेष्ठ रहेका छन्।

## महानिर्देशक बौद्धिक सम्पातिको संरक्षण सम्बन्धी अन्तराष्ट्रिय कार्यक्रममा सहभागी

बौद्धिक सम्पातिको संरक्षण सम्बन्धी अन्तराष्ट्रिय कानुनहरूको कार्यान्वयन र संरक्षण सम्बन्धी एक छलफल र अन्तरक्रिया कार्यक्रममा भाग लिन भन्सार विभागका महानिर्देशक बोधराज निरौला श्रावण १० गते अमेरिका तर्फ प्रस्थान गर्नु भयो। कार्यक्रम अमेरिकाको Global Intellectual Property Academy को आयोजनामा श्रावण १२ गते देखि १६ गते सम्म सन्चालन हुँदै छ। कार्यक्रममा बौद्धिक सम्पत्ति माथि इन्टरनेट र डिजिटल प्रविधिले सृजना गरेको चुनौतीको विषयमा विशेष रुपमा छलफल हुनेछ।

# आर्थिक विधेयक २०६६ ले भन्सार तर्फ गरेका केही महत्वपूर्ण परिवर्तनहरु

आर्थिक विधेयक २०६६ को अनुसूची-१ को भन्सार महसुल दर र सो सम्बन्धी अन्य व्यवस्थाहरु २०६६ साल असार २९ गते देखी लागू भएको छ । भन्सार दर तथा सो सम्बन्धी अन्य व्यवस्थामा गरिएका प्रमुख परिवर्तनहरु निम्न वमोजिम रहेका छन् :

१. साविकमा लागि आएको स्थानीय विकास शुल्क हटाइएको।
२. भन्सार महसुल दरमा रहेको ४०% को दरलाई घटाई ३०% कायम गरिएको ।
३. कृषि सुधार शुल्कको दर ८% बाट घटाई ५% कायम गरिएको । ।
४. चुरोट, मदिरा, सिमेन्ट एवं पेट्रोलियम पदार्थको भन्सार दरमा केही वृद्धि गरिएको ।
५. गिट्टी, ढुङ्गा, वालुवा एवं मिश्रणको भनसार दर वढाइएको ।
६. सवारी साधन पैठारी गर्दा निर्यात कम्पनी वा निजको सोही देशमा रहेको आधिकारिक विक्रेताबाट मात्र खरिद गरी आयात गर्न पाइने व्यवस्था गरिएको ।
७. जिवित जनावर, वोट विरुवा सुपारी आदिमा लगाइएको निकासी भन्सार महसुल हटाइएको ।
८. गुण्टा फिटी भारी सूचना अन्तर्गत आयात हुने एल.सि.डी., टी.भी.मा प्रति इन्चका दरले भन्सार महसुल लाग्ने व्यवस्था गरिएको।

# कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली प्रभाव मूल्याङ्कन समिति गठन

भन्सार तथा आन्तरिक राजस्व कार्यालयहरूमा लागु गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव मूल्याङ्कन गरि आगामी आर्थिक वर्षहरूको लागि सुझाव पेस गर्न एक समिति गठन गरिएको छ। नेपाल सरकार (मन्त्री स्तर) को मिति २०६६।३।१ को निर्णय अनुसार गठन गरिएको तीन सदस्यीय समितिका सबै पदाधिकारीहरू निवर्तमान सरकारी पदाधिकारीहरू रहेका छन्। ४५ दिनको म्याद रहेको सो समितिले असार ८ गते कार्य सुरू गरिसकेको छ। समितिको कार्यालय भन्सार विभागमा रहेको छ।

डिल्ली प्रकाश घिमिरेको संयोजकत्वमा गठित सो समितिमा प्रेम कार्की तथा कृष्ण पौडेल सदस्य रहनु भएको छ। हाल समितिले स्थलगत भ्रमण, प्रश्नावली वितरण र सङ्कलन आदि तरिकाबाट तथ्याङ्क सङ्कलन र विश्लेषण गरिरहेको जानकारी संयोजक घिमिरेले दिनु भयो।

कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली प्रथम चरणमा परीक्षणको रुपमा ठूला करदाता कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालयमा लागु गरिएको थियो र सो को सकारात्मक परिणामको आधारमा गत मङ्सिर र १ गते देखि सम्पूर्ण भन्सार तथा आन्तरिक राजस्व कार्यालयहरूमा लागु गरिएकोछ।

# अस्थायी भन्सार चेकपोष्ट स्थापना

***खुल्ला सिमानाका कारण तातोपानीबाट हुने चोरी निकासी/पैठारी नियन्त्रण गर्ने उद्देश्यले सिन्धुपाल्चोक जिल्लाको अंधेरीमा २०६६ बैशाख २० गतेदेखि अस्थायी भन्सार चेकपोष्ट स्थापना गरी कार्य संचालन गरिएकोछ। अधिकृत १, ना.सु. २, खरिदार ४, ग.उ.नि. १ र का.स. ४ समेत १२ जना एवं डि.एस.पी.को कमाण्डमा रहेको शसस्त्र प्रहरी वल ८० जना सहित स्थापित यस चेकपोष्टले छोटो समयमै प्रशंसनिय कार्य गरेको छ। आफ्नो स्थापनाको २ महिनाको छोटो अवधिमा नै चोरी पैठारी हुन लागेको रेडिमेड कपडा, डि.भि.डी, टि.भि., धागो, मोवाईल फोन र यसको व्याट्रि चार्जर, राईस कुकर, कम्वल आदी करिव रु. ५५,२५,००० ।- मूल्य बराबरको सामानहरु बरामद गर्न सफल भएको छ।***

# मूल्याङ्कन पुनरावलोकन समितिबाट कार्य फर्छ्यौटमा तिव्रता

भन्सार कार्यालयहरुवाट पैठारी भएका मालसामानहरुको कारोवार मूल्य कायम गर्दा भन्सार अधिकृतले गरेको मूल्याङ्कनमा चित्त नबुझेमा सोको सुनुवाई गर्न गठित मूल्याङ्कन पुनरावलोकन समितिले आफ्नो कार्यमा तिव्रता दिएको छ। भन्सार ऐन २०६४ को दफा ६१ को व्यवस्था अनुसार यो समिति गठन भएको हो॥ भन्सार ऐन २०६४, २०६५/१/१५ देखि लागु भएतापनि सो ऐन अनुसार गठन हुनुपर्ने यस समिति मिति २०६५।७।२७ मा मात्र गठन हुन गई गठन हुनु पूर्वको अवधिमा मूल्य पुनरावलोकन सम्बन्धमा सुनुवाइ गर्ने कुनै पनि निकाय नभएको कारणले सो समयाबधिमा दर्ता हुन आएका निवेदनहरुमा कुनै कार्वाही हुन नसकि समिति गठन पूर्व २०७ वटा निबेदनहरु रहेका थिए ।

समिति गठन हुनुपूर्वका भन्सार विभागबाट हस्तान्तरण भइ आएका २०७ वटा निवेदन र समिति गठन भएपछि परेका ५८ वटा निवेदनहरु गरी कूल २६५ वटा निवेदनहरु मध्ये यस आ.व.मा १७ वटा वैठक बसि २६० वटा निवेदनहरुको फछ्र्यौट गरिएको छ । अङ्ग नपुगेका ५ वटा निवेदनहरु मात्रै आ.व. २०६६/६७ का लागि जिम्मेवारी सरेका छन् । यसबाट समितिले आफ्नो कार्यमा ९८.११% सफलता हासिल गरेको छ । भन्सार विभागबाट हस्तान्तरण भई आएका निवेदनहरु मध्ये केही निवेदनहरु २०६३ साल देखि निर्णय हुन नसकेका निवेदनहरु समेत रहेका थिए।

**मूल्याङ्कन पुनरावलोकन समिति सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ६१ को व्यवस्था:** भन्सार अधिकृतले मूल्याङ्कन सम्वन्धमा भन्सार ऐन बमोजिम गको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले पन्ध्र दिनभित्र भन्सार ऐन बमोजिम गठित मुल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्ने छ।

# महानिर्देशकबाट धन्यवाद ज्ञापन

आर्थिक वर्ष २०६५/६६ मा भन्सार कार्यालयहरूले लक्ष्य भन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको तथा सदाचार पद्धति कायम राख्न खेलेको प्रभावकारी भूमिका प्रति भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले सम्पूर्ण कर्मचारीहरूलाई लिखित रुपमा धन्यवाद ज्ञापन गर्नु भएको छ। धन्यवाद पत्रको पूर्ण अंश यहाँ प्रस्तुत गरिएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

फोन नं. ४-२५९७९३, ४-२५९७९१, ४-२५७०९०
एक्सचेन्ज : ४-२५९९४२
फ्याक्स नं. : ४-२५९८०८
त्रिपुरेश्वर
काठमाडौं, नेपाल ।

आर्थिक वर्ष २०६५।०६६ मा भन्सार प्रशासनले भन्सार महसूल, मूल्य अभिवृद्धि कर, अन्तशुल्कसमेत गरी कूल रू. ६१ अर्व ०५ करोड ०४ लाख संकलन गरेकोछ । यसका अतिरिक्त भन्सार प्रशासनले स्थानीय विकास शुल्क, सडक सुधार दस्तुरसमेत गरी रू. ३ अर्व ८७ करोड थप संकलन गरेकोछ। भन्सार प्रशासनले आफूलाई तोकिएको लक्ष्य भन्दा करीव ५ अर्व २० करोड र अघिल्लो आर्थिक वर्षमा संकलित रकम भन्दा करीव रू. १५ अर्व २० करोड बढी राजस्व संकलन गरेकोछ। यस अर्थमा, गत आर्थिक वर्ष भन्सार प्रशासनले अभुतपूर्व सफलता हासिल गरेको छ। आर्थिक वर्ष २०६६।०६७ को शुभारम्भको यस घडीमा म समस्त भन्सार प्रशासनमा कार्यरत कर्मचारी वन्धुहरूको निष्ठा, सदाचारिता र उत्कृष्ट क्रियाशीलताको उच्च सम्मान गर्दै हार्दिक बधाई ज्ञापन गर्दछु ।

चालू आर्थिक वर्ष भन्सार महसूल, मूल्य अभिवृद्धि कर र अन्तशुल्कसमेत गरी भन्सार प्रशासनको लक्ष्य कूल रू.७४ अर्व ६६ करोड ५७ रहेकोछ। यो लक्ष्य आफैमा एक चुनौती रहेकोमा द्विमत छैन्। तर गत आर्थिक वर्ष भन्सार प्रशासनमा कार्यरत कर्मचारीको लगन एवं क्रियाशीलताको जगमा चालू आर्थिक वर्षको लक्ष्य प्राप्ति हुने विश्वास मैले लिएकोछु ।

यसै सन्दर्भमा, म २०६५ साल पुष ११ गते प्रेषित पत्रतर्फ तपाईको ध्यानाकर्षण गराउन चाहान्छु। उक्त पत्रमा उल्लेखित भावना अनुरूप भन्सार प्रशासनमा सुधार र सदाचारिताको उच्चतम उदाहरण स्थापित भएकोछ। छापाहरूमा भन्सार नै सन्सार, दस्तुरी, मेस, फण्ड वा सेवाग्राहीबाट अनियमित तवरमा रकम लिने गरेको समाचारका स्थानमा सदाचारिताका समाचारहरू छापिन थालेकाछन् । समाजमा भन्सार प्रशासनलाई हेर्ने दृष्टिकोणमा परिर्वतन हुन थालेकोछ । तर विभिन्न वर्ग र समुदायहरू भन्सार प्रशासनमा स्थापित हुदै गएको सदाचारिताको समाचारलाई अझै पनि शंकाका साथ ग्रहण गरिरहेकै छन्। भन्सार प्रशासनसमक्षको चुनौती भनेको विभिन्न वर्ग र समुदायले देखाउने गरेको यस शंकालाई निराकरण गरी सम्मानित भन्सार प्रशासनको प्रत्याभूति दिनु हो ।

भन्सार प्रशासनमा यदाकदा देखिने लोभ नियन्त्रण गर्न नसक्ने केही कर्मचारीको गतिविधिले सुधार र सदाचारिताको बर्तमान अवस्थामा प्रतिकुल प्रभाव पार्न नदिन सचेष्ट रहन जरूरी छ। जुन विश्वासका साथ यस सादाचार पद्दतिले कर्मचारी वीच जरो गाडेकोछ, यसको निरन्तरताको विकल्प पनि छैन् । यी सुधारका कार्यक्रम र सदाचारिता पद्दति स्थापित गर्न विभागले निरन्तर निगरानी राख्नेछ र विखण्डन ल्याउन खोज्ने जो कोही कर्मचारी कारवाहीको घेराबाट उम्किन पाउनेछैनन्। तसर्थ, अनुकरणीय सदाचारिता, शालीन व्यवहार, सकारात्मक सोच, सेवा भावना र कार्यालय प्रतिको निष्ठा सहित कार्यालय प्रमुखको प्रत्यक्ष निर्देशन एवं सुपरीवेक्षणमा रही कार्य सम्पादन गर्नु हुनेछ । अन्तमा, बर्तमान सदाचार पद्दति र सुधारका कार्यक्रमप्रति प्रतिवद्ध रही चालू आर्थिक वर्षको राजस्वको लक्ष्य प्राप्ति गर्न र एक उदाहरणीय भन्सार प्रशासनको अनुभूती गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

बोधराज निरौला
महा-निर्देशक

मितिः २०६६/४/१

**<u>बौद्धिक सम्पत्तिको अधिकार उल्लङ्घ उपरको उपचार सम्बन्धी भन्सार ऐन २०६४ को दफा ६८ को व्यवस्था:</u>** प्रचलित कानून बमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेन्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्तउपरको अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु निकासी वा पैठारी गर्न लागेमा सरोकारवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्ने छ।

# गत वर्षको समष्टीगत राजस्व सङ्कलन उत्साहप्रद

आर्थिक वर्ष २०६५।६६ मा बन्द हडताल तथा अन्य विविध कारणले निकासी पैठारीमा प्रत्यक्ष असर परेको भए पनि समष्टिगत राजस्व सङ्कलनमा लक्ष्यको तुलनामा उत्साहप्रद प्रगति हासिल भएको छ ।असार महिनासम्मको भन्सार, मूल्य अभिवृद्धि कर र अन्तशुल्कको लक्ष्य रु.५५ अर्व ८५ करोड रहेकोमा रु. ६१ अर्व ५ करोड ४ लाख राजस्व संकलन भएको छ जुन लक्ष्य भन्दा रु. ५ अर्व २० करोड ४ लाखले अर्थात ९.३१ प्रतिशतले बढी रहेको छ।

असार महिनासम्मको भन्सारको लक्ष्य रु.२६ अर्व रहेकोमा रु. २६ अर्व ६४ करोड १८ लाख राजस्व संकलन भएको छ जुन लक्ष्यको अनुपातमा २.४७ प्रतिशतले बढी रहेको छ।

भारतीय अन्तःशुल्क फिर्ता तर्फ रु. ३ अर्बको बार्षिक लक्ष्य तोकिएकोमा असार सम्म रु. ३ अर्ब २१ करोड ११ लाख फिर्ता प्राप्त भएको छ जुन बार्षिक लक्ष्यभन्दा ७.०४ प्रतिशतले बढी रहेको छ ।

उपर्युक्त राजस्व सङ्कलनका अतिरिक्त स्थानीय विकास शुल्क ३ अर्व १२ करोड ४५ लाख, सडक सुधार दस्तुर वापत करीव ७४ करोड ११ लाख र अन्य कर ३६ लाख समेत गरी कूल ३ अर्व ८६ करोड ९२ लाख संकलन गरिएको छ।

## भन्सार राजस्वको असार महिनासम्मको स्थिति (रु. करोडमा)

| सि.नं. | राजस्व शिर्षक | आ.व. २०६५।६६ को वार्षिक लक्ष्य | आ.व. ०६५।६६ असार सम्मको | | असुली प्रतिशत | गत आ.व.को असारसम्मको तुलनामा वृद्धि÷ह्रास प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | असुली | | |
| १ | (क) निकासी | 25 | 25 | 79 | 316 | 79 |
| भन्सार तर्फको असूली | (ख) पैठारी | 2239 | 2239 | 2198 | -2 | 38 |
| | (ग) कृषि सुधार शुल्क | 20 | 20 | 48 | 240 | 22 |
| | (घ) अन्य | 16 | 16 | 19 | 19 | 76 |
| | जम्माः (क±ख±ग±घ) | 2300 | 2300 | 2344 | 2 | 39 |
| | (ङ) DRP Refund | 300 | 300 | 321 | 7 | 7 |
| जम्माः-(क±ख±ग±घ± ङ ) | | 2600 | 2600 | 2665 | 3 | 34 |

### असार महिनासम्मको कार्यलयगत भन्सार राजस्व संकलन (रु. करोडमा)

| सि.नं | भन्सार कार्यालय | २०६५।६६ | | गत आ.ब.को असार महिनासम्मको असुलिको तुलनामा वृद्धि वा ह्रास प्रतिशत | आ.ब.०६५।६६ असार महिनासम्मको |
|---|---|---|---|---|---|
| | | असार महिनासम्मको लक्ष्य | असार महिनासम्मको असुली | | लक्ष्यमा असुली वृद्धि वा ह्रास प्रतिशत |
| १ | वीरगन्ज भं का. | 1154 | 1195 | 33 | 4 |
| २ | भैरहवा भं.का. | 301 | 280 | 35 | -7 |
| ३ | विराटनगर भं.का. | 249 | 217 | 43 | -13 |
| ४ | सुख्खा बन्दरगाह भं. का. | 193 | 209 | 50 | 8 |
| ५ | त्रि.वि. स्थल भं.का. | 85 | 100 | 56 | 17 |
| ६ | तातोपानी भं.का. | 115 | 99 | 61 | -14 |
| ७ | मेची भं.का | 69 | 76 | 38 | 9 |
| ८ | नेपालगन्ज भं.का. | 54 | 66 | 49 | 22 |
| | भारतीय अन्तःशुल्क फिर्ता | 300 | 321 | 7 | 7 |
| | कूल जम्मा | 2520 | 2563 | 129 | 2 |

### असार महिनासम्मको कार्यलयगत राजस्व (भन्सार, मू.अ.कर र अन्तःशुल्क ) संकलन (रु. करोडमा)

| सि.नं | भन्सार कार्यालय | २०६४।६५ | २०६५।६६ | २०६५।६६ | गत आ.ब.को आषाढ महिनासम्मको असुलिको तुलनामा वृद्धि वा ह्रास प्रतिशत | आ.ब.०६५।६६ आषाढ महिनासम्मको | |
|---|---|---|---|---|---|---|---|
| | | आषाढ महिनासम्मको असुली | आषाढ महिनासम्मको लक्ष्य | आषाढ महिनासम्मको असुली | | लक्ष्यमा असुली वृद्धि वा ह्रास प्रतिशत | लक्ष्यमा घटी वा बढी रकम |
| १ | वीरगन्ज भं का. | 2363 | 2843 | 3109 | 31 | 9 | 266 |
| २ | भैरहवा भं.का. | 496 | 629 | 648 | 30 | 3 | 19 |
| ३ | विराटनगर भं.का. | 466 | 605 | 587 | 26 | -3 | -18 |
| ४ | सुख्खा बन्दरगाह भं. का. | 339 | 421 | 489 | 44 | 16 | 68 |
| ५ | त्रि.वि. स्थल भं.का. | 185 | 222 | 310 | 68 | 39 | 88 |
| ६ | तातोपानी भं.का. | 117 | 178 | 187 | 60 | 4 | 9 |
| ७ | मेची भं.का | 117 | 140 | 145 | 24 | 3 | 5 |
| ८ | नेपालगन्ज भं.का. | 101 | 119 | 145 | 44 | 21 | 26 |
| ९ | कृष्णनगर भं.का. | 45 | 57 | 68 | 51 | 20 | 11 |
| १० | कैलाली भं.का. | 35 | 42 | 43 | 22 | 3 | 1 |
| | मूख्य १० भन्सार कार्यालय | 4264 | 5256 | 5731 | 34 | 9 | 475 |
| | अन्य १३ भन्सारको जम्मा | 23 | 29 | 53 | 230 | 82 | 24 |
| | कूल जम्मा | 4287 | 5285 | 5784 | 34 | 9 | 499 |

चोरी पैठारी वा चोरी निकासी गर्नु अपराध हो, यस्तो कार्य हामी कसैले नगरौं। यस्तो अपराध गरेको कसैले थाहा पाएमा भन्सार कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिई असल नागरिकको कर्तव्य निर्वाह गरौं।

भन्सार विभाग

प्रोत्साहन प्रणाली

# प्रोत्साहन भत्ता प्रणालीमा त्रिभुवन विमानस्थल सबै भन्दा अगाडि

कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्राणालीमा आर्थिक वर्ष २०६५।६६ मा सवै भन्दा बढी कुल वार्षिक औसत भत्ता प्राप्त गरी अग्रस्थानमा रहन त्रिभुवन विमानस्थल भन्सार कार्यालय सफल भएको छ। दोश्रो र तेश्रो स्थान सुख्खा बन्दरगाह र कन्चनपुर भन्सार कार्यालयले प्राप्त गरेका छन्। यी कार्यालयहरुले प्राप्त गरेको कुल बार्षिक औषत अङ्क क्रमश: १५७, १४०.६ र १३९.३८ प्रतिशत रहेको छ।

असार महिनामा भने सुख्खा बन्दरगाह भन्सार कार्यालय १७८ अङ्क प्राप्त गरी अग्रस्थानमा रहेको छ। सो कार्यालय गत जेठ र बैशाख महिनामा पनि अग्र स्थानमा रहेको थियो। असार महिनामा १६९ र १६८.५७ अङ्क प्राप्त गरी कृष्णनगर र वीरगन्ज भन्सार कार्यालय क्रमश: दोश्रो र तेश्रो स्थानमा रहेका छन्।

नेपाल सरकारको मिति २०६५।०८।०४ को निर्णय अनुसार यस विभाग अन्तरगत रहेका विभिन्न भन्सार कार्यालयहरु मध्ये २२ वटा भन्सार कार्यालयहरुमा २०६५ साल मंसीर महिना देखि कार्य संपादनमा आधारित प्रोत्साहन भत्ता प्रणाली लागु गर्ने र साविक देखि नै सो प्रणाली लागु भएका सुक्खा बन्दरगाह भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय र विराटनगर भन्सार कार्यालयहरुमा सो भत्ता प्रणालीलाई २०६५ श्रावण महिना देखि नै निरन्तरता दिने गरि निर्णय भएको थियो।

२०६५ साल श्रावण देखि कार्तिक सम्म साविकमा कायम रहेको परिसूचकहरुको आधारमा तथा २०६५ साल मंसीर देखि नयाँ कायम गरिएको कार्य सम्पादन परिसूचकहरुको आधारमा कार्यालयहरुवाट माग दावी फारम भर्न लगाई परिसूचक बमोजिमको विवरण पठाउने ढांचा,परिसूचकको व्याख्या र अंक गणना गर्ने तरिका समेत उल्लेख भएको निर्देशिका सवै कार्यालयहरुमा पठाईए वमोजिम ती कार्यालयहरुवाट प्राप्त परिसूचक अनुसारको २०६६ साल असार महिनाको प्रगति विवरण र सो साथ संलग्न कागजातहरुको आधारमा अङ्क कायम हुनेगरि प्रोत्साहन भत्ता गणना गर्ने व्यवस्था रहेको छ । साथै प्रस्ताव गरिएको अङ्क कार्यालयले पठाएको प्रगति विवरण र सो साथ संलग्न कागजातहरुको आधारमा गणना गरिएको हुँदा पछि कार्यालय निरिक्षणको क्रममा वा अन्य कुनै किसिमले पहिले पठाएको प्रगति विवरण निर्देशिकामा उल्लेख भए विपरित वा गलत तरिकाले वा वस्तुनिष्ठ आधार विना नै भत्ताको गणना गरि पठाएको प्रमाणित भएमा निर्देशिकामा व्यवस्था भए वमोजिम कारवाही गर्ने गरि शुरु तलव स्केलको प्रतिशतले हुने प्रोत्साहन भत्ता स्वीकृत गरिएको हो।

साविकको परिसूचकहरुमा मिति २०६६ साल वैशाख महिना देखि लागु हुने गरी केही संशोधन गरी सोही वमोजिमका परिसूचकहरु कार्यालयहरुमा पठाईकोमा हाल सम्म विभिन्न १९ वटा कार्यालयहरुवाट २०६६ साल असार महिनाको प्रगति विवरण प्राप्त भएकोले प्राप्त प्रगति विवरणको आधारमा १९ वटा भन्सार कार्यालयहरुको २०६६ साल असार महिनाको प्रोत्साहन भत्ता स्विकृत भएको हो।

### आ.व.२०६५।०६६ श्रावन देखि असार महिनासम्मको प्रोत्साहन भत्ता गणना तालिका सारांस

| बार्षिक प्राथमिकता क्रम | कार्यालयको नाम | औसत साउन। असार | २०६६ असार महिनाको | २०६६ जेष्ठ महिनाको | २०६६ बैशाख महिनाको | २०६५ चैत्रको महिनाको | २०६५ फागुन महिनाको | २०६५ माघ महिनाको | २०६५ पौषको | २०६५ मंसीर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | स्वीकृत | स्वीकृत | स्वीकृत | स्वीकृत | स्वीकृत | स्वीकृत | स्वीकृत | स्वीकृत |
| १ | त्रिभुवनविमानस्थल | १५७.०० | १५६.०० | १५६.०० | १५९.०० | १७८.०० | १४६.०० | १५०.०० | १५१.०० | १६०.०० |
| २ | सुख्खा बन्दरगाह | १४०.६० | १७८.०० | १७८.०० | १७३.०० | १५२.०० | १५५.०० | ८१.०० | १५९.०० | १५७.०० |
| ३ | कञ्चनपुर | १३९.३८ | १४२.०० | १४६.०० | १४२.०० | १५१.०० | १४६.०० | १३२.०० | १२४.०० | १३२.०० |
| ४ | जलेश्वर | १३९.०० | १४३.०० | १४५.०० | १४४ | १४३.०० | १३५.०० | १३९.०० | १२८.०० | १३५.०० |
| ५ | नेपालगञ्ज | १३८.०१ | १५२.०० | १५४.०० | १५४.०० | १५२.०० | १५३.०० | १५७.०० | ६९.०० | ११३.१० |
| ६ | कृष्णनगर | १२९.२३ | १६९.०० | १५७.०० | १५९.०० | १३९.८० | १४४.९० | १२६.९० | १२६.२० | ११.०० |
| ७ | राजविराज | १२९.०० | १३२.०० | १३१.०० | १०७.०० | १३५.०० | १३०.०० | १३२.०० | १३७.०० | १२८.०० |
| ८ | सिराहा | १२६.६३ | १३८.०० | १५०.०० | १२४.०० | १३१.०० | ११५.०० | १२३.०० | ११५.०० | ११७.०० |
| ९ | सर्लाही | १२३.५० | १२७.०० | १२१.०० | १२१.०० | १३१.०० | ११९.०० | १२७.०० | १२४.०० | ११८.०० |
| १० | गौर | ११९.६५ | १२६.०० | १२९.०० | १२७.०० | १३२.०० | ११६.०० | १३४.०० | ७४.२० | ११९.०० |
| ११ | जनकपुर | ११८.१९ | ११७.०० | १२०.०० | १३७.०० | १४०.०० | १३२.०० | ५७.०० | १०७.५० | १३५.०० |
| १२ | वीरगञ्ज | ११२.२६ | १६८.५७ | १६१.१४ | १५५.४७ | ११६.०० | ९४.४० | ११७.०० | ४८.७० | ३६.८२ |
| १३ | मेची | १०९.३१ | १६७.४३ | १४८.२१ | १४९.४४ | १०७.५२ | ९१.१० | १११.८४ | ३२.०० | ६६.९६ |
| १४ | पशुपतिनगर | १०६.२१ | ११३.०० | १३२.०० | ९१.०० | १०१.३२ | ११९.०० | १२४.०० | १३२.०० | ३७.३५ |
| १५ | तातोपानी | १०५.१५ | १५५.६० | १६१.८८ | १५६.४६ | १०५.१० | ५०.३५ | ४८.९४ | ४३.२० | ११९.७० |
| १६ | कैलाली | १००.४५ | १३०.५६ | १२५.०० | ९५.०० | ११७.३० | २४.०० | १०६.७० | ९९.०० | १०६.०० |
| १७ | विराटनगर | ८८.९५ | १४२.०० | १३९.०० | १३७.०० | ९६.७८ | ९६.६४ | ११२.४० | ४४.०० | ३९.०० |
| १८ | भैरहवा | ७४.३१ | १३७.१३ | १३४.९२ | १३०.०४ | १०७.०० | २०.०० | ७९.८० | ३२.७० | २४.०० |
| १९ | सुनसरी | ४४.४३ | ९५.०० | ६९.०० | ६५.०० | ४८.४० | १६.०० | २१.०० | २१.०० | २०.०० |
| २० | महाकाली | * | * | १२३ | ११८ | ४७ | ११० | ११५ | ३५ | ११५.०० |
| २१ | राजापुर | * | * | ३१ | १०८ | ४७ | ३५.७५ | १३७ | ४८ | ५५.०० |
| २२ | कोइलावास | * | * | १२४.०० | १२४ | ४७ | * | * | * | * |

* दावी प्राप्त नभएको।

# निवृत्त कर्मचारीहरूको विदाइ कार्यक्रम

नेपाल सरकारले हालै आह्वान गरेको स्वैच्छिक अवकाश कार्यक्रम अनुसार भन्सार विभाग तथा अन्तरगतका कार्यालयहरूका धैरै कर्मचारीहरू श्रावण १ गते देखि सेवाबाट निवृत्त भएका छन्। हाल निवृत्त हुने कर्मचारीहरू मध्ये अधिकांश कर्मचारीहरू अति कुशल, अनुभवी, कर्मठ र स्वच्छ चरित्रका भएका र तत्कालै उनीहरूको कमी महसुस भएको र आगामी दिनहरूमा पनि कमी खट्किरहने धारणा भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले हालै एक उच्च स्तरीय मिटिङमा व्यक्त गर्नु भयो।



यसै सिलसिलामा त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा निवृत्त कर्मचारीहरूको बिदाइ कार्यक्रममा आयोजना गरियो। प्रमुख भन्सार प्रशासक मुक्ति नारायण पौडेलको उपस्थितिमा कार्यालयको सभाकक्षमा भएको कार्यक्रममा सबै कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा ३० देखि ३७ वर्षसम्म अविच्छिन्न सरकारी सेवामा रही अवकाश प्राप्त कर्मचारीहरूको लामो सेवाको प्रशंसा गर्दै प्रमुख प्रशासक तथा प्रमुख भन्सार अधिकृतहरूबाट अवकाश प्राप्त कर्मचारीहरूलाई राजस्व सेवामा निष्कलङ्क दीर्घ सेवाको लागि बधाई दिनु भयो। अन्त्यमा सबै कर्मचारीहरूले रातो टीका र नेपाली टोपीका साथ प्रिय सहकर्मीहरूलाई बोझिल मनले बिदाइ गरे। निवृत्त हुने कर्मचारीहरूमा प्रमुख भन्सार अधिकृत द्वय डिल्लीप्रसाद आचार्य र मनोहर रेग्मी, भन्सार अधिकृत द्वय शिवप्रसाद घिमिरे र श्याम बहादुर बस्नेत, नायव सुब्बा द्वय सुभास उपाध्याय र शिव बहादुर खडका रहेका छन्।

## तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतसंग यस पत्रिकाका सम्वाददाताले लिएको अर्न्तवार्ता:



*प्रश्नः* *विगतका दिनमा नकारात्मक दृष्टिले हेरिने तातोपानी भन्सार कार्यालयलाई वर्तमान अवस्थामा ल्याउन के कसरी सम्भव भयो ?*

जवाफः मुख्य कुरा इच्छा शक्ति हो । तपाई सबै भन्दा पहिले आफ्नो मिसनमा स्पष्ट हुनुपर्‍यो । म भन्सार प्रशासनको जानकार मानिस हैन । तर विश्वासका साथ सरकारले मलाई जिम्मेवारी दियो र मैले यौटा ठूलो चुनौतिको सामना गर्नुपर्‍यो । विभागीय नेतृत्व, सहयोगी साथीहरू तथा व्यापारी सबैको प्रयास र सकारात्मक सोचका कारण यस कार्यालयको विगतको नकारात्मक स्वरूप केही स्वच्छ भएको हो र भन्सार प्रशासनमा अपनाइएको सदाचार पद्धतिले पनि सघाउ पुर्‍याएको छ ।

*प्रश्नः* *हाल तातोपानी भन्सारका सामू के कस्ता चुनौतीहरू विद्यमान छन् ?*

जवाफः ऐतिहासीक रूपमै यो नाका सुनाम भएको नाका हैन । हाम्रो प्रयास ईतिहास वदल्नेतर्फ हुनु पर्छ । केहिहदसम्म यो काम विभागीय नेतृत्वमा सफल पनि भएको छ । चन्द्र सम्शेरको पालादेखि चलेको भन्सारको दस्तुरी प्रथा उन्मुलन भएको छ । अब यस्लाई दिगोपना दिनुनै मुख्य चुनौति ठान्दछु । बांकी चोरी निकारी-पैठारी नियन्त्रण, राजस्व लक्ष भेदन, आधुनिकीकरण, पारदर्शिता आदि त सदावहार चुनौति हुन्, तिन्को उपस्थिती सदै झै रहिनै रहन्छ ।

*प्रश्नः* *तातोपानी भन्सार कार्यालयको भावीकार्य योजनाहरू के के रहेका छन् ?*

जवाफः भन्सार आधुनिकीकरणको क्रममा आ.व. ०६६/६७ बाट ब्रोकर मोड्यूल तथा सेलेक्टीभीटी मोड्यूल लागू गर्ने तयारीमा छौं । त्यसैगरी चोरी पैठारी तथा निकासी नियन्त्रण गर्न हामीले पूर्णरूपमा नसकेको कुरा स्विकार गर्दै माखा गा.वि.स.को अंधेरी भन्ने स्थानमा अस्थाई चेकपोष्ट सहित ८० जना शसस्त्र प्रहरी क्याम्प राखीएकोछ । त्यस्लाई बढी परीचालन गरी तातोपानीको नाकाबाट,

अरनीको लोकमार्गबाट हुने सबै प्रकारका तस्करी तथा अवैध निकासी, पैठारी रोक्ने नै मूख्य एजेण्डा बनाएका छौं । लक्ष बमोजिम राजस्व संकलन त प्रारम्भीक योजना हुने नै भयो ।

*प्रश्नः मन्सार सुधार कार्यमा वर्तमान प्रोत्साहन भत्ता प्रणालीको औचित्य के देख्नु हुन्छ ?*

जवाफः कार्य सम्पादनमा आधारीत प्रोत्साहन प्रणालीले इमान्दारी पूर्वक भन्नु पर्दा, सदाचार पद्धतिलाई सघाउ पुऱ्याएको छ । सदियौदेखि भन्सार कर्मचारीले खादै आएको दस्तुरी उन्मूलन गर्न त्यति सजीलो थिएन । यो प्रणालीले भन्सार प्रशासन सुधार कार्यमा ठूलो भूमीका निर्वाह गरेको छ ।

*प्रश्नः अन्तमाः यहांलाई उल्लेख गर्न उपयूक्त लागेको कुनै विषयहरु छन् कि ?*

हेर्नुहोस भन्सार प्रशासनमा म सर्वथा नयां मानिस हुं । जिम्मेवारी पाएं- अन्यन्त चुनौतिपूर्ण । भन्नु पर्दैन विगतमा तातोपानी भन्सारको सुनाम कति थियो र दुर्नाम कति । आज मिडीयामा तातोपानीलाई फरक रूपमा प्रस्तुत गरेको पाउंदा खुसी लाग्छ । त्यसैले कार्यालय प्रमुख भनेको विशेषज्ञ नै हुनु पर्छ भन्ने हैन रहेछ, कार्यालय संचालन शुद्ध व्यवस्थापकीय कार्य हो अर्थात नेतृत्व क्षमता हो । कार्यालयको लक्ष पुगको छ, पारदर्शिता बढेको छ, सदाचार पद्धतिमा छौं, यस्को मतलव मलाई के लाग्छ भने जे कुरा गर्न खटिएको हो त्यस्प्रति प्रतिवद्ध भयो भने काम राम्रोसंग सम्पन्न हुने रहेछ । त्यस्कारण हामी सबै आफ्नो काम प्रति इमान्दारीता पूर्वक प्रतिवद्ध भै लागौं । पुरानो पिंढीले के गऱ्यो, गरेन ईतिहासमा रहन दिई जिम्मेवारी पूर्वक देश सेवा गरौं । हाम्रो पिढिले देशमा लोकतन्त्र, गणतन्त्र ल्याई सेकेको छ, यै पिढीले देश निर्माणको समेत जिम्मेवारी लिनु पर्छ । हामीले जिम्मा नलिएको देशको जिम्म कस्ले लिन्छ ? आ-आफ्नो ठाउंबाट आ-आफ्नो हैसियतमा रही मातृभूमीको सेवा गरौं ।

व्यक्तित्व परिचय

# पूर्व महानिर्देशक दानबहादुर शाही



पूर्व गृहमन्त्री दानबहादुर शाहीले २०४२ साल देखि २०४५ साल कार्तिक सम्म भन्सार विभागको महानिर्देशक पदमा सेवा प्रदान गर्नु भएको थियो। वहाँको कार्यकाल भन्सार प्रशासनमा आधुनिकीकरणको पूर्वाधार निर्माणको लागि संघर्षको चरणको रुपमा चिनिन्छ भने राजस्व समूहका कर्मचारीहरू उहाँलाई निडर र तत्काल निर्णय गर्ने प्रशासकको रुपमा सम्झना गर्दछन्।

वहाँले २०२६ सालमा भूमिसुधार अधिकारीको पदबाट सरकारी सेवामा प्रवेश गर्नु भएको थियो। वहाँको बढी कार्यकाल प्रमुख जिल्ला अधिकारीको रुपमा व्यतीत भएको थियो भने भन्सार विभागको महानिर्देशक, अञ्चलाधीश हुँदै विशिष्ट श्रेणीको सचिव पदमा सेवा गर्नु भएपछि ५ वर्षको सेवा अवधि पुरा गर्नु भई २०५७ मा सेवा निवृत्त हुनु भएको थियो। वहाँ सँगको कुराकानीको आधारमा तयार पारिएको केही जिज्ञासा र जवाफ यहाँ प्रस्तुत गरिएको छ।

प्रश्नः तपाई खासगरी गृह प्रशासनमा विशेषज्ञता र अनुभव हासिल गर्नु भएको प्रशासक हुनुहुन्थ्यो, तपाईंलाई किन र के आधारमा भन्सार प्रशासनको जिम्मेवारी दिइयो?

उत्तरःतत्कालीन सरकारी प्रशासन व्यवस्थापनमा केही सीमित क्षेत्रमा बाहेक हालको जस्तो सेवा समूहको विशिष्टीकरण थिएन। तसर्थ व्यक्तित्व, नैतिकता, कार्यक्षमता र प्रशासनिक सक्षमताको आधारमा विभागीय जिम्मेवारी तोकिने प्रचलन थियो, विशेषज्ञताको अभ्यास गर्ने गराउने अभ्यास राम्रोसँग सुरु भएको थिएन। सायद सोही आधारहरूमा मलाई तत्कालीन सरकारले भन्सार विभागको महानिर्देशकको गहन जिम्मेवारी दिइएको हुन सक्छ।

प्रश्नः विषयवस्तुको ज्ञान र विशेषज्ञताको अभावमा यस्तो गहन जिम्मेवारी कसरी पुरा गर्नु भयो त?

उत्तरः महानिर्देशक पदमा पदस्थापना भइसक्दा पनि मलाई भन्सारको मुख्य कार्यक्षेत्र निकासी र पैठारीमा राजस्व सङ्कलन गर्नु हो भन्ने सम्म मात्र जानकारी थियो, भन्सार विभाग वा भन्सार प्रशासनका अन्य जिम्मेवारीहरू, भन्सार प्रशासनका सिद्धान्तहरूको विषयमा मलाई कुनै जानकारी थिएन। राजस्व व्यवस्थापनमा प्रयोग हुने राष्ट्रिय र अन्तराष्ट्रिय शब्द र सिद्धान्तहरू मेरा लागि अनौठा हुन्थे। त्यस कारण सुरुका दिनहरू मेरा लागि अति चिन्तापूर्ण थिए। सुरुका दिनमा एकातर्फ भन्सार नबुझ्ने व्यक्ति कसरी प्रमुख हुन आयो भन्लान भन्ने डर थियो भने अर्कोतर्फ मेरो अज्ञानताको नाजायज फाइदा उठाउलान भन्ने अविश्वास चेतन अवचेतन मनमा विद्यमान रहन्थ्यो। निरन्तरको लगनशीलता, अध्ययन, स्वविवेकको प्रयोग तथा तत्कालिन भन्सारका भित्र तथा

बाहिरका मित्रहरूको सहयोगबाट चाँडै धेरै जसो समस्या र निरूपरणका उपायहरु बुझिदै गइयो। मलाई लाग्छ, मैले राज्यले दिएको जिम्मेवारीहरूको परिचालन सफलतापूर्वक नै गरें। तर म त्यस जिम्मेवारीमा रहँदा कति सफल रहे वा रहिन त्यो मुल्याङ्कन गर्ने जिम्मेवारी त्यस कालखण्डका तालुक निकाय, भन्सारका सम्पूर्ण कर्मचारीहरू र दैनिक भन्सार सँग सम्बन्धित व्यक्ति वा संस्थाहरूको भागमा पर्दछ, त्यसप्रति मेरो कुनै प्रतिक्रिया छैन।

प्रश्नः भन्सार विभागमा रहँदाको यहाँको अनुभव र स्मरणीय क्षणहरू बताइदिनु हुन्छ की? तत्कालीन समयका भन्सार प्रशासनका सकारात्मक र नकारात्मक पक्षहरूको विषयमा केही वताइदिनु हुनुहुन्थ्यो कि?

उत्तरः त्यस समयमा तालुक मन्त्रालय ज्यादै पारदर्शी, निष्पक्ष र असल कामलाई प्रोत्साहन र संरक्षण गर्नु पर्छ भन्ने व्यक्तिहरूको नेतृत्वमा थियो। राजस्व वृद्धि मात्र सम्बन्धित विभागको काम हो भन्नुको सट्टा सहज, सरल र सबै पक्षका लागि छिटो छरितो रुपमा सेवा पुऱ्याउनु पर्दछ तथा राजस्व बृद्धिको आधार भ्रष्टाचार नियन्त्रण हुन पर्दछ भन्ने सिद्धान्त प्रति प्रतिवद्धता बढाउने नीति प्रतिपादन तर्फ सबैको अग्रसरता थियो। असल र व्यवहारिक सुझावलाई सबैले मान्यता दिएर लागु गराउने तर्फ एक जुट हुन्थे। भन्सारमा कार्यरत कर्मचारीहरूको प्रशासन र मूल्याङ्कन सबै भन्दा प्रमुख विषय थियो। निष्पक्षता र कार्यक्षमताका साथै स्वच्छ कर्तव्यपरायणता प्रति ज्यादैं सजगता अपनाउन सक्नु वा नसक्नुमा नै भन्सार प्रशासनको उन्नती वा अवनति निर्भर रहन्थ्यो। कर्मचारीहरूको सरुवा, पदस्थापना गर्ने कार्यमा तथा राजस्व सङ्कलनमा मूल्याङ्कन र दरबन्दी व्यवस्थापन गर्ने कार्यमा ज्यादै ठूला अवरोधहरू हुन्थे।

मेरो समयमा भन्सार दरबन्दी धेरै तहमा विभाजित थियो। यस्तो विभाजन राजस्व चुहावटको आधारहरू मध्येको एक हो भन्नेमा हाम्रो राजस्व प्रशासन सहमत थियो। तर पनि तह कम गर्ने विषयमा धेरै समस्या र अवरोधहरू थिए। तर अन्तराष्ट्रिय मुद्राकोष लगायतका अन्तराष्ट्रिय संस्थाहरू समेतको दवावको कारण २०४५ सालमा भन्सार दरबन्दीलाई ५ तहमा समायोजन र सीमित गरियो। यस समायोजनबाट देशको अर्थतन्त्रमा तत्कालीन र दूरगामी रुपमा परेको सकारात्मक र नकारात्मक असर मेरो लागि अविस्मरणीय रहेको छ।

प्रश्नः तपाई भन्सार विभागको महानिर्देशक हुँदाको अनुभव र निष्कर्षमा तपाई गृह मन्त्री हुँदाको अनुभवले के शंसोधन गर्यो बताइदिनु हुन्छ कि?

उत्तरः म महानिर्देशक हुँदा मैले निराकरण गर्न नसकेको भन्सारका विकृतिहरू प्रति म ज्यादै दुखी र रुष्ट थिए। तर गृह मन्त्रीको अनुभवबाट त्यो रुष्टतामा केही कमी आयो। भन्सारका सम्पूर्ण बिकृतिहरू निराकरण गर्न भन्सार प्रशासन एक्लै सक्षम छैन यसमा अरू निकायहरूको समेत संयम र सहयोग आवश्यक रहेछ भन्ने मेरो महानिर्देशक हुँदाको अनुभवलाई गृह मन्त्री हुदाँको अनुभवले ठोस रुप प्रदान गर्यो।

प्रश्नः सेवा निवृत समय कसरी व्यतीत गर्दै हुनुहुन्छ ?

उत्तरः मुलत म कृषि पेसासँग सम्बन्धित परिवारको सदस्य भएकाले सेवा निवृत्त समय आफ्नो ज्ञान, अनुभव र सीप त्यसै क्षेत्रमा लगाउने योजना थियो। तर देशको वर्तमान अवस्था र परिस्थितिमा त्यो सम्भव भएको छैन। त्यसकारण अहिले म करिब निस्कृय नै छु। तर पनि म राष्ट्र प्रति आस्थावान् व्यक्ति भएको हुँदा नेपाल विद्दत परिषद भन्ने संस्थासँग आबद्ध रहेको छु।

प्रश्नः वर्तमान भन्सार प्रशासनलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ? भन्सार प्रशासनलाई युगानुकुल परिवर्तन गर्न केही सुझाव दिनुहुन्छ कि?

मैले भन्सार प्रशासन सन्चालन गरेको दुई दशक वितिसकेको छ। हालको भन्सार प्रशासनको समसामयिक गतिविधिको बारेमा खास जानकारी छैन। तर पनि पछिल्लो ६ महिनामा भन्सार प्रशासनको छविमा धेरै सुधार भएको जानकारी भने मलाई छ। यसमा थप सुधार हुनेछ र त्यसले निरन्तरता पाउने छ भन्ने आशा गर्दछु। सिद्धान्त र प्रक्रियामा समयानुकूल सुधार र समायोजन हुनु सामान्य कुरा भएपनि मुल सिद्धान्त पुरानानै हुन। आदर्श भन्सार प्रशासन सन्चालन र यसमा समयानुकूल सुधारको लागि मैले माथि भनेका कुरा र सिद्धान्तहरू नै अवलम्बन गर्नु पर्ने हुन्छ भन्ने मेरो धारणा छ।

<u>चोरी निकासी वा पैठारी पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ७१ को व्यवस्थाः</u> कसैले कुनै मालवस्तु चोरी निकासी वा पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट तोकिएबमोजिम पुरस्कार दिइनेछ।

कार्यालय परिचय

# तातोपानी भन्सार कार्यालय




## परिचय :

राज्य व्यवस्थाको थालनी संगै समाजको कल्याण कार्यमा खर्च गर्न राज्यले विभिन्न नामका कर उठाउने गर्दथ्यो जसमध्ये भंसार पनि पर्दथ्यो । मल्लकालिन समयमा नेपालको व्यापार भारत र भोटसित निकै विकसित भएको हुंदा त्यसै समयबाट नेपालमा भन्सार प्रशासनको सुरूवात भएको विद्वानहरूको राय छ ।

भन्सार विभागका तत्कालिन महानिर्देशक वंशीधर घिमिरेद्वारा २०५७ मा जारी गरिएको भंसार निर्देशिकाको 'नेपालमा भन्सार प्रशासनको ऐतिहासिक पृष्टभूमी खण्ड अर्न्तगतको 'एकिकरण देखि २००७ सम्मको व्यवस्था' उपशिर्षकमा सम्वत् १८४० देखि तिब्बत व्यापारका वस्तुमा लाग्ने भंसार दर तोकिएको ' पट्टा ' आधिकारीक कागजात भएको उल्लेख छ ।

राणाकालिन भंसार ठेक्का प्रणालीमा आधारित थियो । भोट तर्फको भंसार र आन्तरिक भंसारहरूको वार्षिक ठेक्का बन्दोबस्त काठमाण्डौं गोश्वारा भंसारले गर्दथ्यो । तराईका बजार अड्डाको ठेक्का मधेश बन्दोबस्त अड्डाले गर्दथ्यो। भंसार तथा बजार अड्डाका कर्मचारी ठेकेदारले राख्दथे भने हाकिम राणाले नियुक्त गर्दथे । राणकालिन समयमा देशको उत्तर तर्फ तातोपानी, रसुवा, बहादुरा, सिर्दिवास आदि ठांउमा भन्सार थिए। हाल ओलाङ्चुङगोला, किमाथान्का, लामावगर, रसुवा, लार्के, मुस्ताङ, मुगु, यारीनाका र तातोपानी गरी ९ भन्सार चीन सीमामा अवस्थित छन् जसमध्ये सवै भन्दा ठूलो नाका तातोपानी मानिन्छ ।

नेपाल तथा जनवादी गणतन्त्र चिनको स्वासाशीत क्षेत्र तिब्बतको व्यापारिक सम्वन्ध अत्यन्त पुरानो हो । नेपाली व्यापारीहरू व्यापार गर्न भोट जाने गरेको इतिहास सर्व विदितै छ । महाकवी लक्ष्मी प्रसाद देवकोटाको अमर कृति 'मुना मदन' ले समेत नेपाल भोटको पुरानो सम्वन्ध तथा व्यापारलाई पुष्टी गर्दछ ।

तिब्बत तर्फको व्यापार परापूर्व कालदेखिनै वस्तुविनिमयको आधारमा हुने गरेको पाइन्छ । पहिला पहिला नेपालबाट खाद्यान्न तथा जडी बुटी निर्यात हुन्थे भने तिब्बतबाट उन, नून, भेडा च्याङ्ग्रा, आयात हुन्थे । विगतमा सिमित मालवस्तुमात्र नीकासी पैठारी हुने तिब्बतसंग नेपाल तर्फ अरनीको लोकमार्गको निर्माण पश्चात व्यापार विविधिकरण भएको छ र विनिमय प्रथा लोप भै नगदमा कारोवार हुने गर्दछ । नेपालको चिनसंगको व्यापार हुने मुख्य नाकाको रूपमा समेत तातोपानी भन्सार प्रख्यात नै छ ।

तातोपानी भन्सार सिन्धुपाल्चोक जिल्लाको लिपिङगाउंमा रहेको छ । यो भन्सार २००८ सालमा तातोपानी बजारमा स्थापना भएकोमा २०४५ सालदेखि ५ कि.मि. उत्तर मितेरी पुलसंगै लिपिङमा सरेको थियो । मितेरी पुलले तिब्बततर्फको लिपिङबजार र यस कार्यालयलाई जोडेको छ । यहांबाट १२ कि.मि उत्तरको डांडामा तिब्बतको खासा बजार प्रष्ट रूपमा देखिन्छ भने ४० कि.मि.को दुरीमा ऐतिहासिक कूति बजार पर्दछ ।

तातोपानी भन्सार कार्यालय जिल्ला सदर मुकाम चौतारा बजारबाट लगभग ८० कि.मि. र काठमाडौंबाट ११५ कि.मि. को दुरीमा अवस्थित छ । शुरू स्थापना तातोपानी बजारमा भएकाले हाल लिपिङमा स्थानान्तर हुंदा समेत कार्यालयको नाम लिपिङ भन्सार नभनि तातोपानी भन्सारकै नामबाट सन्चालित छ ।

साविकमा मेन ल्याण्ड चीन तथा तिब्बवसंगको मुख्य व्यापार नाका तातोपानी भन्सार भएता पनि यो रूटमा पानी जहाज जस्ता ठूला ढुवानी साधन प्रयोगमा नआउने भएकाले र ढुवानी भाडा महंगो पर्ने भएकोले साविकमा यहांबाट व्यवसाय गर्ने व्यवसायीहरू नाका परिवर्तन गरी विरगन्ज, विराटनगर तथा मेची भन्सारतर्फ आकर्षित भै हालका दिनहरूमा यो नाका चीनतर्फको व्यापारको मुख्य नाका रहन सकेन ।

आठ रोपनी क्षेत्रमा कार्यालय भवन, पचास वटासम्म ट्रक अटाउन सक्ने पार्किङ्ग यार्ड, सेड घर आदि कार्यालयका भौतिक पूर्वाधार छन् भने ठाडै बग्ने भोटेकोसीसंग जोडिएको र पश्चिमको डांडोबाट झर्ने ठाडो खोलाको बाढीले गर्दा भन्सार परिसर अत्यन्त नै असुरक्षित छ । २०६६ साल आषाढ २० गते रातीको बाढी प्रकोपले स्थानीय एक नागरिकको ज्यान लियो भने भन्सारको पार्किङ्ग स्थल ठूला ठूला ढुंगा तथा माटोले गर्दा क्षतिग्रस्त बन्यो ।

भन्सार आधुनिकिकरणको यात्रामा यो कार्यालय समेत सामेल छ । आशिकुडा प्रणाली कार्यान्वयन मार्फत कार्य सम्पादन हुने गरेकोले कार्यालयको काम छिटो, सशक्त, पारदर्शी र यथार्थपरक बनेको छ । निकट भविष्यमा नै विभागीय छनौट अनुसार Broker Model तथा Selectivity Model कार्यान्वयन गर्न कार्यालयले तयारी गर्दै गरेको छ ।

आ.व. २०६४।६५ मा यस कार्यालयको बार्षिक लक्ष्य रू. १,६८,२६,००,००० भएकोमा सोको ७२.८० प्रतिशत अर्थात रू. १,२२,५०,१४,६०९ असुल भएको थियो भने चालु आ.व. ०६५।६६ को लागी कूल राजश्व लक्ष्य १,७८,४८,२६ हजार भएकोमा २०६६ आषाढ मसान्तसम्ममा १,९५,४६,९५ हजार असुल भई बार्षिक लक्ष्य भन्दा १६.९८ करोड बढी तथा गत वर्ष भन्दा ७२.९६ करोड बढी राजस्व असुल भएको छ ।

२०६५ मार्ग पश्चात भन्सार सुधारका क्रममा भएका गरेका कार्यहरु, चुनौती तथा भावी कार्यक्रमहरु संक्षेपमा निम्न छन्

**ग) मंसिर १, २०६५ पश्चात चालिएका कदमहरु :**

१.कारोवार मूल्यमा एकरुपता, वास्तविक र पारदर्शी बनाउन नयां मूल्य कायम गरिएको ।
२.पुराना भन्सार शीलबाट हुन सक्ने राजश्व जोखिम न्यून गर्न नया भन्सार सील लागु गरिएको ।
३.ढुवानी साधनको बडीको दुवैतर्फ नम्बर लेख्न लगाईएको ।
४.ढुवानी साधनको ढोका जोड्ने नटबोल्टलाई वेल्डिङ्ग गराई खुस्काउन नमिल्ने गराइएको ।
५.सामानको भौतिक परिक्षणमा शतर्कता अपनाई घोषणा र मालवस्तुको वास्तविक परिमाणमा फरक पार्ने उपर निगरानी बढाइएको ।
६.कार्यालयको कार्यप्रवाहलाई द्रूत बनाउन संगठनलाई रि-डिजाइन गरी कार्य गरिएको ।
७.भन्सार यार्डमा प्रवेश गर्न परिचय पत्रको माला अनिवार्य रुपमा लगाउनु पर्ने, सि.पा. उ. वा. संघबाट परिचय पत्र उपलब्ध गराउने गरिएको ।
८.चिनीया पक्षका भन्सार प्रमुखसाग बैठक बसी अवैध निकासी पैठारी नियन्त्रण गर्ने उपायबारे छलफल गर्ने गरिएको ।
९.राजश्व चुहावट नियन्त्रण टोलीको बैठकबाट स्थानीय प्रहरी प्रशासन परिचालन गर्ने निर्णय भएको ।
१०.भन्सार नाकाबाट भएका चोरी पैठारीलाई नियन्त्रण गर्ने उद्देश्यबाट गस्ति तथा सामान जाच गर्न अंधेरी भन्ने स्थानमा अस्थायी चेकपोष्ट स्थापना गरिएको ।

**घ) चुनौतीहरु :**

१.मितेरी पुलको मर्मत तिब्बततर्फको बाटोको अवस्था, पार्किङ्ग याडको दुरावस्था आदिको कारण पर्याप्त मात्रामा ट्रकहरु आवत जावतमा बाधा ।
२.चोरी पैठारीमा बढोत्तरी तथा लोकमार्गमा गस्तीको कमी (खासगरी धागो, सिल्क कपडा, क्यालकुलेटर, डि.भि.डि. आदि भन्सार नाकाबाट आउन लगभग छाडेको) ।
३.साविकमा आउने गरेका छाता, टि.भि., रेडियो, क्यालकुलेटर, लसुन आदि आउन छाड्नु ।
४.सिल वेगर आउने, नक्कली सिल प्रयोग गर्ने, मालवाहक साधन तथा यात्रुवाहक साधन उपर अन्य निकासबाट निगरानीमा कमी आउनु ।
५.कारोवार मूल्यमा हुने खिचातानी (भन्सार-व्यवसायी; भन्सार-भन्सार ) तथा अस्वस्थ प्रतिस्पर्धा ।
६.संस्थागत हैसियतमा व्यक्तिगत संलग्नता तथा मिलोमतो ।
७.कारोवार मूल्य सम्बन्धमा वास्तविक वीजक प्रस्तुत हुन नसक्नु र भन्सार प्रशासन भित्र पर्याप्त सूचनाको अभाव ।
८.सामान परिक्षण अनुमान र हचुवाको भरमा हुनु ।

**ङ) भावी कार्यक्रम तथा रणनीति :**

१.हाल लागु गरिएका नया व्यवस्थालाई दिगो रुपमा कार्यान्वयन
२.जांचपास पछिको परिक्षण लक्ष्य बमोजिम गर्ने,
३.गस्ति परीचालन सघन रुपमा गर्ने
४.भोटेकोशी माथिको फड्के/तुईन उपर निगरानी
५.वेइङ मेशिनको व्यवस्था गर्ने
६.गस्तिको लागी गाडीको व्यवस्था
७.टेलिफोन/इन्टरनेटको व्यवस्था
८.कार्यालय परिसर तथा यार्डको मर्मत तथा सुधार
९.थप जनशक्तिको व्यवस्था
१०. कर्मचारी काज प्रथाको अन्त्य ।




**तातोपानी भन्सार कार्यालयको कर्मचारी दरबन्दी विवरण :**

| पद | दरवन्दी | दरवन्दी पूर्ति | फाजिल | २४ घ बाट बढुवा | जम्मा कार्यरत | काजमा कार्यरत |
|---|---|---|---|---|---|---|
| प्र.मं.अ. | १ | १ | | | १ | |
| मं. अधिकृत | २ | १ | | | १ | १ |
| ले.अधिकृत | | | | १ | १ | |
| क.अधिकृत | | | | ३ | ३ | |
| ना.सु. | ३ | ३ | | ६ | ९ | २ |
| क.अपरेटर | ३ | १ | | | १ | |
| लेखापाल | १ | | | १ | १ | |
| टाईपिष्ट | १ | १ | १ | | २ | |
| खरिदार | १४ | ८ | | | ८ | ३ |
| स.ले.पा. | १ | | | | | |
| म.स.स.नि. | १ | १ | | | १ | |
| ग.उ.नि. | १ | | | | | |
| मुखिया | १ | १ | २ | | ३ | |
| ह.स.चा. | १ | १ | १ | | २ | |
| का.सहयोगी | १२ | १० | | | १० | |
| गस्ती सहयोगी | ५ | १ | | | १ | |
| जम्मा : | ४७ | २९ | ४ | ११ | ४४ | |




**भन्सारको कार्यमा अन्य निकायले हस्तक्षेप गर्न नहुने सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ८८ को व्यवस्था:**

निकासी वा पैठारीको लागि भन्सार कार्यालयभित्र रहेको मालवस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार कार्यालयबाट नहटाइएसम्म सो मासवस्तुका सम्बन्धमा कुनै अधिकारी वा निकायले कुनै प्रकारको हस्तक्षेप गर्न हुँदैन।

# तातोपानी भन्सार कार्यालय

**आ.व. २०६४/६५ र २०६५/६६ को राजस्व असूली लक्ष्य एंव प्रगती सहित तुनात्मक विवरण :**

अषाढ महिनाको राजस्व असूली :

रु. हजारमा

| | भन्सार | | मू.अ.कर | | अन्तःशुल्क | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब | गत आ.व. | चालु आ.ब. |
| लक्ष | 96010 | 117060 | 70000 | 58821 | 450 | 494 | | | 166460 | 176375 |
| प्रगती | 54717 | 96688 | 49583 | 82258 | 1451 | 1174 | 5303 | 6651 | 111053 | 186771 |
| प्रतिशत | 56.99 | 82.60 | 70.83 | 139.84 | 322.42 | 238 | | | 66.71 | 105.89 |

आ.व. २०६५/६६ को जम्मा राजस्व असूली :

रु. हजारमा

| | भन्सार | | मू.अ.कर | | अन्तःशुल्क | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब. | गत आ.व. | चालु आ.ब. |
| लक्ष | 978000 | 1156900 | 700000 | 617156 | 4600 | 10770 | 0 | 0 | 1682600 | 1784826 |
| प्रगती | 612829 | 988784 | 546446 | 856342 | 8384 | 21870 | 57356 | 87699 | 1225015 | 1954695 |
| प्रतिशत | 62.66 | 85.47 | 78.06 | 138.76 | 182.25 | 203.06 | | 0 | 72.80 | 109.52 |

पनरावेदन सम्वन्धी भन्सार भन्सार ऐन २०६४ को दफा ६२ को व्यवस्थाः यस ऐनको दफा १३ बमोजिमको निर्णय वा आदेश बाहेक यस ऐन बमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय वा दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने छ।

## भन्सार विभागको बिद्युतिय सम्पर्क

http:\www.customs.gov.np

dg@customs.gov.np it@customs.gov.np
ddg@customs.gov.np inspect@customs.gov.np
valuation@customs.gov.np account@customs.gov.np
tariff@customs.gov.np admin@customs.gov.np
lab@customs.gov.np crm@customs.gov.np
stat@customs.gov.np drp@customs.gov.np

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८